# २ एक आपसमा बेमेल वा अलगिने कारणहरु

*__यस अध्यायका मूल पदहरू:__* व्यवस्था २८:१-१४, यर्मिया ३:१४-१८, न्यायकर्ता १७:६, १ राजा १२:१-१६, १ कोरन्थी १:१०-१७ र प्रेरित २०:२५-३१।

*__यस अध्यायको सार पद:__* **"“परमप्रभुको भय मान्नु वा उहाँको श्रद्धामा रहनु नै बुद्धिको सुरुआत हो, र परमपवित्रको ज्ञान नै समझशक्ति हो।" हितोपदेश ९:१०**

परमेश्वरले दिनुभएका आदेशहरू वा वचनहरू पालन गर्न पुरानो करारका अगमवक्ताहरूले इस्राएलका जनहरूलाई बारम्बार आह्वान गरेका थिए। परमेश्वरको वचनलाई वेवास्ता गर्नाले र नसुन्ने बानीले मानिसहरूलाई आत्मिक भ्रष्ट र एक आपसमा बेमेल वा सन्किने व्यवहारमा घचेटिदिनेछ भनेर ती अगमवक्ताहरूले इस्राएलीहरूलाई सम्झाएका थिए। परमेश्वरको व्यवस्थालाई पालन गर्दा पापले ल्याउने स्वभाविक नतिजाबाट मानिसहरू सुरक्षित हुन्थे साथै बिदेशी राष्ट्रहरूको बीचमा तिनीहरूलाई पवित्र जाति भएको देखाइन्थ्यो। परमेश्वरको चाहना अनुसार चल्दा मानिसहरू एक आपसमा तालमेल हुने वातावरण सृजना हुन्थ्यो साथै सामाजिक रूपमा तिनीहरू बलियो हुन्थे। त्यसले गर्दा वरिपरिरहेका मूर्तिपूजा गर्ने राष्ट्रका मानिसहरूले ल्याउने अनेकौं मानव आविष्कारित देवीदेवता र धर्मको नाउँमा अनेकौं खराब चलनहरू इस्राएलमा भित्रिँदैनथ्यो। आफ्ना जनहरू पवित्र होऊन् र सारा राष्ट्रहरूको सामु इस्राएलीहरू गवाही होऊन् भन्ने परमेश्वरको मनशाय थियो। इजिप्टबाट इस्राएलीहरूलाई उद्धार गरेर ल्याएपछि परमेश्वरले तिनीहरूलाई यो वचन दिनुभएको थियो "५ हेर, परमप्रभु मेरा परमेश्वरले मलाई (मोशा) आज्ञा गर्नुभएबमोजिम तिमीहरूले अधिकार गर्ने देशमा यी सबै पालन गर्नलाई नै मैले तिमीहरूलाई यी विधिविधानहरू सिकाएको छु। ६ तिमीहरूले ती मान र पालन गर, किनकि यसैबाट अरू जातिहरूका अगि तिमीहरूका बुद्धिमानी र समझको प्रचार हुनेछ। यी सबै विधिहरू सुनेर उनीहरूले भन्नेछन्, “अवश्य यस महान् जातिका मानिसहरू खूबै बुद्धिमान् र समझदार रहेछन्” ७ हामीले उहाँलाई पुकारा गर्दा परमप्रभु हाम्रा परमेश्वर हाम्रो जति नजिक हुनुभएझैं

ईश्वर यति नजिक भएको अरू कुनचाहिँ यति महान् जाति छ? ८ मैले तिमीहरूलाई आज दिने यो व्यवस्थाजस्तै धार्मिक विधिविधान भएको अरू कुनचाहिँ यति महान् जाति छ?" व्यवस्था ४:५-८।

निसन्देहः यदि तिनीहरू परमेश्वरमा आस्थावान र विश्वासिलो भएर बाँचिरहेको भए उहाँका जनहरूले ठूलो आशिर्वाद पाउने थिए र अरूहरूको निम्ति पनि तिनीहरू आशिषित हुन्थे। तर परमेश्वरप्रति आस्थावान र निष्ठावान भएन भने मानिसहरूले धेरै समस्याहरूको सामना गर्नुपर्नेमा बेमेल वा एक आपसमा सन्किने बानी प्रमुख कारण हुन्थ्यो ।

## १. "मबाट फर्केर जाने सन्तान हो, फर्क"

इस्राएली जनताहरूको इतिहास शान्ति र अशान्तिले भरिएको थियो। जब तिनीहरूले परमेश्वरको आज्ञा पालन गर्दैनथे तब अराजकता वा कानुन नै नभएको जस्तो देश जस्तो हुन्थ्यो र देश लथालिङ्ग हुन्थ्यो। जब तिनीहरू पश्चाताप गरेर परमेश्वरतिर फर्कन्थे र उहाँका आज्ञाहरू पालन गर्थे तब त्यहाँ शान्ति हुन्थ्यो र तिनीहरू सन्तोष र सुखी भएको अनुभव गर्दथे। तर समय बित्दै जाँदा जब मानिसहरूले परमेश्वरलाई बिर्सेर जथाभावी जीवन बिताउन थाल्थे तब तिनीहरूले अनेक किसिमका सङ्घर्षहरूको सामना गर्नुपर्दथ्यो। यस्तो ढाँचा वा शैली बारम्बार दोहोरिएको पाइन्छ। जब जब परमेश्वरका जनहरू आफ्नो विवेकलाई स्वच्छ पारेर उहाँलाई मानेर चल्दथे तब तब तिनीहरूमा शान्ति हुन्थ्यो र नयाँ जीवनको आशिष पाएको अनुभव हुन्थ्यो। प्रत्येक पल्ट जब तिनीहरू परमेश्वरको वचनलाई वेवास्ता गरेर आफ्नै तालमा हिँड्थे तब तिनीहरूको गति कहाली लाग्दो हुन्थ्यो। तिनीहरूको देश लडाइँ र एक आपसि झगडा वा द्वन्दमा फस्थ्यो। इस्राएलीहरू प्रतिज्ञा गरिएको देश अर्थात् कनानमा पस्नुभन्दा अघि परमेश्वरले इस्राएलीहरूले त्यस खालको गति भोग्नुपर्नेछ भनेर अगाडि भन्नुभएको थियो। त्यसबाट उम्किन र इस्राएलीहरूको अस्तित्व बचाइ राख्न परमेश्वरले त्यसको समाधान पनि उपलब्ध गराउनुभएको थियो।

**ती इस्राएलीहरू वा परमेश्वरका जनहरू हौं भनेर दावी गर्नेहरूले परमेश्वरको इच्छा पालन गरे वा उहाँको चाहना अनुसार चले कस्तो खालको आशिष वा आशिर्वाद तिनीहरूले प्राप्त गर्न सक्नेछ भनेर व्यवस्था २८:१-१४मा वचन दिइएको छ? हेर्नुहोस् "१ आज मैले तिमीहरूलाई आदेश दिएबमोजिम**

तिमीहरूले होशियारीसाथ परमप्रभु आफ्ना परमेश्वरका सबै आज्ञाहरू मानेर
उहाँको वचन पालन गऱ्यौ भने, उहाँले तिमीहरूलाई पृथ्वीका सबै जातिहरूमध्ये
श्रेष्ठ तुल्याउनुहुनेछ। २ परमप्रभु आफ्ना परमेश्वरको वचन पालन गऱ्यौ भने
यी सबै आशिष् तिमीहरूलाई लाग्नेछन्, र तिमीहरूसाथ रहिरहनेछन्ः ३
तिमीहरूले सहरमा आशिष् पाउनेछौ, र गाउँ-बस्तीमा आशिष् पाउनेछौ। ४
तिमीहरूका सन्तानमाथि आशिष् पर्नेछ, साथै खेतका उब्जनीमाथि, गाईबस्तुका
बाछ्रा-बाछ्रीमाथि, भेड़ाबाख्राका पाठापाठीमाथि। ५ तिमीहरूको डालो र
तिमीहरूको पीठो मुछ्ने आरीमा आशिष् पर्नेछ। ६ भित्र आउँदा र बाहिर जाँदा
तिमीहरूले आशिष् पाउनेछौ। ७ तिमीहरूका विरुद्धमा आउने शत्रुहरूलाई
परमप्रभुले तिमीहरूकै सामु परास्त गर्नुहुनेछ। उनीहरू तिमीमाथि एक बाटो
आउनेछन्, तर तिमीबाट सात बाटा भाग्नेछन्। ८ परमप्रभुले तिमीहरूको
ढुकुटीमा र तिमीहरूका सबै काममा आशिष् दिनुहुनेछ। परमप्रभु तिमीहरूका
परमेश्वरले दिनुहुने देशमा उहाँले तिमीहरूलाई आशिष् दिनुहुनेछ। ९ परमप्रभु
तिमीहरूका परमेश्वरका आज्ञाहरू मानेर उहाँका मार्गमा हिँड्यौ भने, उहाँले
तिमीहरूलाई शपथ खाएर प्रतिज्ञा गर्नुभएझैं तिमीहरूलाई आफ्नो लागि एक
पवित्र जाति बनाएर स्थापित गर्नुहुनेछ। १० तब पृथ्वीका समस्त मानिसहरूले
तिमीहरू परमप्रभुका नाउँले कहलिएका हौ भनी थाहा पाउनेछन् र तिमीहरूसँग
डराउनेछन्। ११ तिमीहरूलाई दिन्छु भनी तिमीहरूका पुर्खाहरूलाई प्रतिज्ञा
गर्नुभएको देशमा तिमीहरूका सन्तान, गाईबस्तु र भूमिको उब्जनीमाथि परमप्रभुले
प्रशस्त उन्नति दिनुहुनेछ। १२ परमप्रभुले आकाश, आफ्नो प्रशस्तताको भण्डार
उघारेर तिमीहरूको भूमिमा ठीक ऋतुमा झरी पठाउनुहुनेछ, र तिमीहरूका
हातका सबै मेहनतमा आशिष् दिनुहुनेछ। तिमीहरूले धेरै जातिलाई ऋण दिनेछौ,
तर कसैबाट ऋण लिनेछैनौ। १३ मैले आज तिमीहरूलाई दिएका परमप्रभु
तिमीहरूका परमेश्वरका आज्ञाहरूमा ध्यान दिएर ती होशियारीसाथ पालन गऱ्यौ
भने, परमप्रभुले तिमीहरूलाई पुच्छर होइन तर शिर तुल्याउनुहुनेछ। तिमीहरू
सधैं टुप्पामा हुनेछौ, कहिल्यै फेदमा पर्नेछैनौ। १४ मैले आज तिमीहरूलाई
दिएका आदेशहरूमध्ये कुनैबाट दाहिने र देब्रेतिर लागेर अन्य देवताहरूका पछि
लागी तिनीहरूको सेवा नगर।"

तर कतिपय समयमा इस्राएलीहरू परमेश्वरबाट फर्केर दुष्ट बाटोमा लागेका थिए। तिनीहरूले अन्य जातिहरूको धर्म र संस्कारमा लागेर परमेश्वरको अस्तित्वलाई स्वीकार नगरेर आफ्ना बालबच्चाहरूलाई बलि दिने

काममा लागेका थिए। त्यसले गर्दा परमेश्वरले पनि तिनीहरूलाई सुरक्षा गर्न छोड्नुभएको थियो। तै पनि यदि तिनीहरू पश्चाताप गरेर परमेश्वरतिर फर्कन उहाँले आह्वान गर्नुभएको थियो। त्यसले आफ्ना जनहरूप्रति परमेश्वरको प्रेम र धैर्यतालाई कसरी देखाउँछ? हेर्नुहोस् यर्मिया ३:१४-१८ "१४ "फर्क, अविश्वासी प्रजा हो," परमप्रभु भन्नुहुन्छ, "किनभने म तिम्रो पति हुँ। म सहरबाट एक जनालाई र वंशबाट दुई जनालाई छान्नेछु र तिमीहरूलाई सियोनमा ल्याउनेछु। १५ अनि मेरो हृदयले रुचाएका गोठालाहरू म तिमीहरूलाई दिनेछु, जसले तिमीहरूलाई ज्ञान र बुद्धिसित डोऱ्याउनेछन्। १६ ती दिनमा जब तिमीहरू देशमा खूब बढ़ेर फैलिनेछौ, तब मानिसहरूले फेरि कहिल्यै 'परमप्रभुका करारको सन्दूक' भनी भन्नेछैनन्," परमप्रभु भन्नुहुन्छ। "त्यसको विचार तिनीहरूका मनमा आउनेछैन, त्यसको सम्झना नै हुनेछैन, त्यसको अनुपस्थितिको केही ख्याल रहनेछैन। त्योजस्तै अर्को फेरि कहिल्यै बनाइनेछैन। १७ त्यस बेला यरूशलेम 'परमप्रभुको सिंहासन' भनिनेछ, र सबै जातिहरू परमप्रभुको नाउँलाई महिमा दिन यरूशलेममा भेला हुनेछन्। हठी भएर आफ्ना मनका दुष्ट कुराहरूमा तिनीहरू फेरि कहिल्यै लाग्नेछैनन्। १८ ती दिनमा यहूदाका घराना इस्राएलका घरानासित मिल्नेछ, र मैले तिमीहरूका पिता-पुर्खाहरूलाई उत्तराधिकार स्वरूप दिएको देशमा तिनीहरू उत्तरको देशदेखि एकैसाथ आउनेछन्। १९ "म आफैले भनें, 'कति खुशीसित आफ्ना छोराहरूजस्तै तिमीहरूसँग व्यवहार गर्नेथिएँ र एउटा सुन्दर देश, जातिहरूमा सबैभन्दा मनपर्दो पैतृक-सम्पत्ति तिमीहरूलाई दिनेथिएँ। अनि मैले विचार गरेको थिएँ, कि तिमीहरूले मलाई 'पिता' भनी पुकार्नेछौ र मलाई पछ्याउनदेखि फर्केर जानेछैनौ। २० तर जसरी एक विश्वासघाती पत्नीले आफ्नो लोग्नेलाई त्याग्छे, त्यसरी नै तिमीहरू पनि मप्रति विश्वासघाती भएका छौ, हे इस्राएलका घराना हो," परमप्रभु भन्नुहुन्छ।"

आफ्ना जनहरू जतिसुकै विद्रोही भएतापनि, एक आपसमा विभाजित भएतापनि, मूर्तिपूजा गरेर भ्रष्ट भएतापनि परमेश्वर कस्तो मायालु, प्रेमिलो, दयालु र उदार हुनुहुन्छ भनेर यर्मियाको पुस्तकले बताउँदा सबैलाई अचम्म लाग्नु स्वभाविकै हो। मानिसहरू जतिखेरै परमेश्वरबाट तर्केर गएतापनि उहाँतिर फर्कन उहाँले बारम्बार आमन्त्रण गरिरहनुभएको थियो। आफ्नो दुष्ट र भ्रष्ट जीवन तथा क्रियाकलापहरू त्यागेर उहाँको असल बाटोमा आऊन् भनेर उहाँले हात फैलाइरहनुभएको थियो। भविष्यको पुनस्थापना र आशाका र प्रतिज्ञाहरू परमेश्वरले निरन्तररूपमा दिइरहनुभएको थियो।

परमेश्वरले इस्राएलीहरूलाई यस्तो मार्मिक सम्बोधन गर्नुहुन्छ, "हे मबाट फर्केर गएका इस्राएलीहरू हो फर्केर आओ। मेरो रिस तिमीहरूलाई पोखाउने छैन। म तिमीहरूलाई दया र करुणा देहाउनेछु। तिमीहरूसित सधैं रिसाएर म बसिरहनेछैन। तिमीहरूको दुष्टको मात्र पश्चाताप गर। तिमीहरूले तिमीहरूको प्रभुको बिरुद्धमा उहाँका आज्ञाहरूलाई उलङ्घन गरिरहेकाछौ। तिमीहरू बिदेशी देवीदेवताहरूको मोहमा फसेर तिनीहरूको टुनामुनामा लागिरहेकाछौ। प्रत्येक हरियो रुखको मुनि देवता स्थापना गरेर त्यसको पूजा गरिरहेका छौ। तिमीहरूले मेरो आवाजलाई सुन्न इन्कार गरिरहेकाछौ" प्रभु भन्नुहुन्छ।" (यर्मिया ३:१२,१३ रूपान्तरित)।

सबै मानिसहरूले परमेश्वरको वचनलाई वेवास्ता गर्ने समयमा यर्मियाले उक्त वचन लेखेका थिए। यहोशिया राजाको पालामा कोही कोहीले सुधार गर्न लागिरहेका भएतापनि प्रायजसो सबै मानिसहरूले आत्मिकरूपमा परमेश्वरतिर फर्केर उहाँको कुरा सुन्न आफूहरू नैतिकरूपमा वाध्य नभएको ठानिरहेका थिए। तिनीहरूको पाप, मूर्तिपूजा र स्वार्थी जीवनले गर्दा तिनीहरूको देश आत्मिक र राजनैतिक रूपमा भ्रष्ट भइरहेको थियो। जति जति तिनीहरू परमेश्वरको इच्छा पालन गर्नबाट पछि पछि हटेर जान्थे त्यति त्यति तिनीहरूको भविष्य अन्धकार र कहालिलाग्दो हुन्थ्यो। तैपनि परमेश्वरले यर्मियाद्वारा तिनीहरू आफूतिर फर्कन कर गरिरहनुभएको थियो। तिनीहरूको निम्ति असल र आदर्श भविष्य उहाँको मनमा थियो। तिनीहरूको उन्नति, उज्ज्वल भविष्य र एकता उहाँले चाहनुभएको थियो। तिनीहरूले स्वस्थ जीवन जिऊन् भन्ने परमेश्वरको चाहना थियो। तर यी सबै तिनीहरूमा हुन्थ्यो यदि तिनीहरूले परमेश्वरमाथि विश्वास गरेर जिएकाभए र सही आस्थाले सिकाएका वचन अनुसार चलेकाभए।

**तपाईंको आफ्नै जीवनमा परमेश्वरको वचन सुनेर चल्दा र नचल्दा केही फरक भएको पाउनुभएको छ?**

## २. परमेश्वरकै आँखाको सामु

परमेश्वरको इच्छा अनुसार इस्राएलीहरू नचल्दा तिनीहरूले अनगिन्ति नकारात्मक परिणामहरू कसरी भोगेका थिए भनेर लेखिएका वृतान्तहरूले न्यायकर्ताको पुस्तक भरिएको छ। कनान देशमा इस्राएलीहरू पसेको केही समयभित्रै तिनीहरू कनानीहरूको चालचलनमा तिनीहरू चल्न थालेका थिए।

कनानीहरूले बिभिन्न देवीदेवताहरूलाई पूजा गर्दथे र देवीदेवताहरूलाई खुशी पार्न अनेकौं धर्मकर्म गर्दथे जुन बाइबलले असत्य धर्म भनेर सम्बोधन गरेको थियो। सनातन सृष्टिकर्ताको आराधना नगरि मानवनिर्मित धर्म र संस्कारको ढाँचामा ती इस्राएलीहरू चल्दा तिनीहरूको आत्मिक जीवन टाट पल्टेको थियो। परमेश्वरले वरिपरि रहेका मानिसहरूको धार्मिक संस्कारमा नलाग्न इस्राएलीहरूलाई आदेश दिनुभएको थियो। तर तिनीहरूले जुन नगर भनिएको थियो त्यही तिनीहरूले गर्न थालेका थिए। दुर्भाग्यवस, आत्मिक दुर्गतिमात्र तिनीहरूले सामना गरिरहेका थिएनन्। परमेश्वरको बाटोमा नलाग्दा तिनीहरूले अरू धेरै समस्याहरू पनि भोग्नुपरेको थियो।

**न्यायकर्ताहरू १७:५,६ र न्यायकर्ताहरू २१:२०-२५मा परमेश्वरका जनहरू भनेर दावी गरेका मानिसहरूले कस्ता समस्याहरूको सामना गरिरहेका थिए सो बताउँछ। हेर्नुहोस्, "५ यी मीका भन्ने मानिसको एउटा देवता-थान थियो। तिनले एउटा एपोद र घर-देवताहरू बनाए, र आफ्ना छोराहरूमध्येको एक जनालाई आफ्नो पुरोहित नियुक्त गरे। ६ <u>त्यस बेला इस्राएलमा कुनै राजा थिएनन्, र हरेक मानिसले आफ्नो दृष्टिमा जे ठीक लाग्थ्यो त्यही गर्थ्यो।"</u> र न्यायकर्ताहरू २१:२०-२५ "२० यसैले तिनीहरूले बेन्यामीनीहरूलाई भने, "गएर दाखबारीहरूमा लुकी बस। २१ जब शीलोका केटीहरू नाच्नलाई आउँछन् तब दाखबारीहरूबाट झट्टै निस्केर तिमीहरू हरेकले आफ्नी-आफ्नी पत्नी तुल्याउनलाई एउटी-एउटीलाई पक्र। तब आफ्नो घर बेन्यामीनको देशतिर जाओ। २२ त्यसपछि यदि तिनीहरूका बाबु वा दाजुभाइहरू आएर हामीलाई उजूर गरे भने, हामी भन्नेछौं, "उनीहरूमाथि दया गरी हामीलाई सहायता गर्नुहोस्, किनकि लड़ाइँमा उनीहरूका निम्ति हामीले पत्नी ल्याईदिन सकेनौं। तपाईं निर्दोष हुनुहुन्छ, कारण तपाईंहरूले आफ्ना छोरीहरू दिनुभएन।" २३ ती बेन्यामीनीहरूले यी सबै गरे। तिनीहरू नाचिरहेको बेलामा उनीहरू हरेकले आ-आफ्नी पत्नी तुल्याउन एउटी-एउटी केटीलाई पक्रेर लगे। तब उनीहरू आफ्नो बाटो लागे, र उनीहरूको पैतृक-सम्पत्ति भएको ठाउँमा फर्केर आफ्ना सहरहरूलाई फेरि बनाए, र तिनमा बसोबास गरे। २४ त्यस बेला इस्राएलीहरू पनि आफ्ना-आफ्ना कुल-कुल र घराना गरी छुट्टिए, र हरेक आफ्नो-आफ्नो पैतृक-सम्पत्ति भएको ठाउँमा गए।**

**<u>२५ ती दिनमा इस्राएलमा कुनै राजा थिएन, र हरेक मानिसले आफ्नो दृष्टिमा जे ठीक लाग्यो त्यही गर्दथ्यो।</u>**

परमेश्वरका जनहरू भनेर दावी गर्नेहरूको बीचमा भएका विभाजन र एक आपसमा नमिल्ने बानी कसरी हुन्छ भन्ने कुरा न्यायकर्ताहरूको पुस्तकले छर्लङ्ग पारेको छ। परमेश्वरसँग बाँधिएको बाचामा बफादारी भएर बस्न सकियो भने सारा राष्ट्रपनि एक भएर बस्न सक्छ। आफ्ना वरिपरि रहेका मानिसहरूको चालचलनको प्रभावमा परेर चल्दा परमेश्वरको आँखामा होइन आफ्नै आँखाले जे ठिक थियो त्यही गर्नपुग्दा आफ्नो देश र जनतालाई तिनीहरूले नै दुर्गतिमा पुर्‍याइरहेका थिए। हामी सबै पतित छौं तर स्वविवेको नाउँमा हामीले जे मनलाग्यो त्यसै गर्न थाल्यौं भने हामी परमेश्वरले देखाउनुभएको बाटोबाट निश्चयनै बरालिहिँड्नेछौं।

**न्यायकर्ताहरूको समयमा इस्राएलीहरूको आत्मिक र सामाजिक अवस्था कस्तो थियो भनेर देहायका पदहरूले हामीहरूलाई कसरी देखाउँछ? हेर्नुहोस् केही पदहरूः न्यायकर्ताहरू २:११-१३ "११ जे परमप्रभुको दृष्टिमा खराब थियो, इस्राएलीहरूले त्यही गर्न लागे, र बाल देवतालाई पूजा गर्न लागे। १२ तिनीहरूलाई मिश्रदेशबाट निकालेर ल्याउनुहुने आफ्ना पिता-पुर्खाहरूका परमप्रभु परमेश्वरलाई त्यागेर तिनीहरू अरू देवताहरूका पछि लागे– अर्थात्,आफ्ना वरिपरि बस्ने जातिहरूका देवताहरूलाई पछ्याए। तिनीहरू ती देवताहरूका सामुन्ने निहुरे, र परमप्रभुलाई क्रोधित तुल्याए। १३ तिनीहरूले परमप्रभुलाई त्यागेर बाल र अश्तोरेत देवताहरूलाई पुजे।" र न्यायकर्ता ३:५-७ "५ यसरी इस्राएलीहरू कनानी, हित्ती, एमोरी, परिज्जी, हिव्वी र यबूसीहरूसँग रहन लागे। ६ तिनीहरूले उनीहरूका छोरीहरू विवाह गरे, र आफ्नै छोरीहरू पनि उनीहरूका छोराहरूलाई विवाहमा दिए। र तिनीहरूले उनीहरूका देवताहरूलाई पनि पूजा गर्न लागे। ७ जुन कुरा परमप्रभुको दृष्टिमा खराब थियो इस्राएलीहरूले त्यही गरे। तिनीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई बिर्से र बाल देवताहरू र अशेरा देवीहरूलाई पुज्न लागे।"**

"परमेश्वरको सत्यतामा हिँडेन भने उहाँकै जनहरू भनेर दावी गरेतापनि तिनीहरूलाई के हुनेछ भनेर उहाँले मोशाद्वारा चेतावनी दिनुभएको थियो। परमेश्वरसँग गरिएको बाचालाई लत्याएर चल्दा तिनीहरू उहाँबाट प्रवाह भएको जीवनबाट अलग हुन्थे। **परमेश्वर**ले दिन्छु भन्ने आशिषहरू तिनीहरूमा आउन सक्दैनथ्यो। जब इस्राएलीहरूले परमेश्वरको चेतावनीलाई मनमा लिएर उहाँको इच्छामा तिनीहरू चल्दथे तब यहूदी राष्ट्रमा ठूलो

आशिषहरू खनिन्थ्यो। तिनीहरूले गर्दा वरिपरि रहेका राष्ट्रहरूले पनि आशिष पाउँथ्यो। तर तिनीहरूको इतिहासले यो बताएको छकि तिनीहरूले परमेश्वरलाई बिर्से र तिनीहरूले परमेश्वरका प्रतिनिधिहरू हुन् भन्ने देखाउने उच्च अवसरहरू तिनीहरूले गुमाएका थिए। तिनीहरूले परमेश्वरलाई गर्नु पर्ने सेवाबाट आफूहरूलाई अलग राख्दा तिनीहरूले उहाँलाई लुटेको ठहरिएको थियो। त्यसको फलस्वरुप तिनीहरू पवित्र उदाहरण नबनि आफ्ना मानिसहरूलाई दिनसक्ने आत्मिक वा धार्मिक अगुवाई पनि लुटिरहेका थिए। खेतबारीलाई केवल रेखदेख गर्ने जिम्मा पाएका मानिसहरूले त्यहाँका उब्जनीहरू आफ्नै लागिमात्र प्रयोग गर्ने तिनीहरूले चाहेका थिए। तिनीहरूमा भएका लोभ र आफूमात्र धनि हुन चाहने प्रवृत्तिले गर्दा वरिपरि रहेका परमेश्वरलाई नमान्ने राष्ट्रहरूको सामु पनि तिनीहरू आँखाको कसिङ्गर हुन पुगेका थिए। ती यहूदीहरूले गरेर नै अन्य जाति वा अयहूदीहरूले परमेश्वरको चरित्र र उहाँको राज्यको व्यवस्थालाई गलत ढङ्गमा व्याख्या गर्ने मौका पाएका थिए।"-एलेन जी ह्वाइट, प्रोफेटस् एण्ड किङ्गस्, पृ. २०,२१बाट रूपान्तरित।

**हामी सेभेन्थ-डे एडभेन्टिस्ट हौं भनि दावी गर्छौं। बप्तिस्मा लिनेबेलामा पनि हामीले कतिपय शपथहरू खान्छौं। तर हामीहरूको आनिबानी र हामी पालन गर्छौं भन्ने बचनले हाम्रा वरिपरि रहेका मानिसहरूलाई हामीहरूले कसरी प्रभावित पारिरहेकाछौं? हामी सेभेन्थ-डे एडभेन्टिस्टहरूले के गर्न सक्छौं जसले गर्दा हाम्रा वरिपरि रहेका मानिसहरूलाई सकारात्मक प्रभाव पार्न सक्छौं?**

## ३. यहूदी राष्ट्रको बिभाजन

सनातन सृष्टिकर्ता परमप्रभु परमेश्वर पितालाई आराधना गर्न छोडेर आफैले बनाएका देवीदेवताहरूलाई पूजा गरेर भ्रष्ट बाटोमा लाग्दा कहालिलाग्दो स्थिति जुन इस्राएलीहरूले खप्नुपरेको थियो त्यो एकै रातमा भएको थिएन। तर ती इस्राएलीहरूले गलत बाटो अपनाउने र गलत निर्णय गर्ने स्वभावलाई धेरै वर्षसम्म जम्मा गर्दै गर्दै रहेका थिए। त्यसले गर्दा परमेश्वरका जनहरू भनेर उहाँले नै सम्मान गर्नुभएका जनहरूले अन्तमा भयानक दुर्गतिको सामना गर्न पुगेका थिए।

**१ राजा १२ले राजा रहबामको बारेमा बताउँछ। परमेश्वरका जनहरू कसरी नराम्रोसँग बिभाजन हुन पुगेका थिए भनेर त्यस बृतान्तले कसरी बताउँछ? हेर्नुहोस्: "१ रहबाम (राजा सोलोमनको छोरा) शकेममा गए, किनकि**

सारा इस्राएल तिनलाई राजा बनाउन त्यहाँ गएका थिए। २ जब नबातका छोरा
यारोबामले यो कुरा सुने (तिनी अहिलेसम्म मिश्रदेशमा नै थिए, जहाँ तिनी
सोलोमन राजादेखि भागेर गएका थिए), तब तिनी मिश्रदेशबाट फर्के। ३
यसकारण मानिसहरूले यारोबामलाई बोलाइपठाए, र तिनी र इस्राएलका जम्मै
समुदाय रहबामकहाँ गएर तिनलाई भने, ४ "तपाईंका पिताले हामीलाई गह्रौं जुवा
बोकाइदिनुभएको थियो, तर उहाँले हामीमाथि लगाउनुभएको यो कठोर परिश्रम र
गह्रौं जुवालाई तपाईंले हलुङ्गो गरिदिनुहोस्, र हामी तपाईंको सेवा गर्नेछौं।" ५
रहबामले जवाफ दिए, "मलाई तीन दिनको समय देओ, र फेरि आओ।" यसैले
मानिसहरू गइहाले। ६ तब राजा रहबामले तिनका पिता सोलोमन जीवित छँदा
तिनका सेवा गर्ने धर्म-गुरुहरूसित सल्लाह मागे। तिनले सोधे, "यी मानिसहरूलाई
मैले कस्तो जवाफ दिनुपर्ने हो?" ७ तिनीहरूले भने, "यदि आज हजूर यी
मानिसहरूका सेवक भएर तिनीहरूको सेवा गर्नुहुन्छ र अहिले तिनीहरूले चाहेको
जवाफ हजूरले तिनीहरूलाई दिनुहुन्छ भने, तिनीहरू सधैं हजूरका सेवकहरू
हुनेछन्। ८ तर ती धर्म-गुरुहरूले दिएको सल्लाह तिनले इन्कार गरे, र तिनले
आफूसँग बढ़ेका र तिनको सेवा गर्ने जवान मानिसहरूको सल्लाह लिए। ९
तिनले तिनीहरूलाई सोधे, "तिमीहरूको सल्लाह के छ? 'तपाईंका पिताले
हामीहरूमाथि बोकाउनुभएको जुवा हलुङ्गो गरिदिनुहोस्' भन्ने यी मानिसहरूले
बिन्ती गरेकामा म कस्तो जवाफ दिऊँ?" १० तिनीसँग बढ़ेका ती जवान
मानिसहरूले जवाफ दिए, " 'हजूरका पिताले हामीमाथि गह्रौं जुवा
बोकाइदिनुभएको थियो, र त्यो हलुङ्गो पारिदिनुहोस्' भनी हजूरलाई भन्ने यी
मानिसहरूलाई भन्नुहोस्, 'मेरो कान्छी औंली मेरा पिताको कम्मरभन्दा मोटो छ।
११ मेरा पिताले तिमीहरूमाथि गह्रौं जुवा बोकाइदिनुभएको थियो। म त्यो अझै
गह्रौं पारिदिनेछु। मेरा पिताले तिमीहरूलाई बेतले कुट्न लगाउनुहुन्थ्यो, तर म
तिमीहरूलाई बिच्छीहरूले डस्न लगाउनेछु'।" १२ "तीन दिनपछि मकहाँ
आओ" भनी राजाले भनेझैं यारोबाम र ती सबै मानिसहरू रहबामकहाँ फर्केर
आए। १३ राजाले ती मानिसहरूलाई कड़ा जवाफ दिए। धर्म-गुरुहरूले दिएका
सल्लाह तिनले इन्कार गर्दै १४ ती जवानहरूले दिएको सल्लाह मानेर भने, "मेरा
पिताले त तिमीहरूको जुवा गह्रौं पारिदिनुभएको थियो। म त्यो अझै गह्रौं
पारिदिनेछु। मेरा पिताले तिमीहरूलाई बेत लगाउनुहुन्थ्यो, तर म तिमीहरूलाई
बिच्छीहरूले डस्न लगाउनेछु।" १५ यसरी राजाले ती मानिसहरूको कुरा
सुनेनन्, किनकि शीलोका अहियाहद्वारा नबातका छोरा यारोबामलाई उहाँले
भन्नुभएको वचन पूरा हुनलाई परमप्रभुले यस्तो स्थिति ल्याउनुभएको थियो। १६

जब राजाले तिनीहरूका कुरा नसुनेका सारा इस्राएलले देखे, तब तिनीहरूले
राजालाई जवाफ दिए, “दाऊदमा हाम्रो के हिस्सा छ र? यिशैका छोरामा हाम्रो के
भाग छ? हे इस्राएली हो, आ-आफ्नो पालमा जाओ, हे दाऊद, तिमी आफ्नै घर
सँभाल।” यसैकारण इस्राएलीहरू आ-आफ्नो घर लागे, १७ तर यहूदाका
सहरहरूमा बस्ने इस्राएलीहरूमाथि रहबामले अझै शासन गरे। १८ राजा
रहबामले बेगार काममा लगाउने मानिसहरूका जिम्मावाल अदोनीरामलाई पठाए,
तर सबै इस्राएलीहरूले तिनलाई ढुङ्गाले हानेर मारे। तापनि राजा रहबामचाहिँ
आफ्नो रथमा चढ़ेर यरूशलेममा भागेर जान सफल भए। १९ अनि आजको
दिनसम्म दाऊदका घरानाको विरुद्धमा इस्राएल बागी भएको छ। २० जब
यारोबाम फर्केर आएका छन् भनी सबै इस्राएलीहरूले सुने, तब तिनीहरूले
मानिसहरू पठाएर तिनलाई सभामा बोलाए, र सारा इस्राएलमाथि तिनलाई राजा
तुल्याए। यहूदाको कुल मात्र दाऊदका घरानाको राजभक्त भइरहे। २१ जब
रहबाम यरूशलेममा आइपुगे, तब सोलोमनका छोरा रहबामको निम्ति राज्य
फिर्ता लिन इस्राएलका घरानाको विरुद्धमा लड़ाइँ गर्न यहूदा र बेन्यामीनका
कुलका एक लाख असी हजार योद्धाहरूलाई तिनले भेला गराए। २२ तर
परमेश्वरका जन शमायाहकहाँ परमेश्वरको यो वचन आयोः २३ “सोलोमनको
छोरो यहूदाको राजा रहबामलाई र यहूदा र बेन्यामीनका सारा घराना र बाँकी
मानिसहरूलाई भन्, २४ ‘परमप्रभु यसो भन्नुहुन्छः तिमीहरू आफ्ना दाजुभाइ
इस्राएलको विरुद्धमा युद्ध गर्न उक्लेर नजाओ। तिमीहरू हरेक आ-आफ्नो घर
फर्केर जाओ, किनकि यो काम मैले गरेको हो’।” यसैले परमप्रभुले तिनीहरूलाई
हुकुम गर्नुभएझैं तिनीहरूले परमप्रभुको वचन पालन गरेर तिनीहरू आ-आफ्नो
घर गए। २५ त्यसपछि यारोबामले एफ्राइमको पहाड़ी देशमा भएको शकेमलाई
किल्ला बनाएर सुरक्षित पारे, र त्यहीं नै बसोबास गरे। त्यहाँबाट गएर तिनले
पनीएल सहर निर्माण गरे। २६ यारोबामले आफ्नो मनमा यस्तो विचार गरे, “यो
राज्य दाऊदको घरानातिरै फर्किजान्छ होला। २७ यदि यी मानिसहरू
यरूशलेममा परमप्रभुको मन्दिरमा बलिदान चढ़ाउन गए भने, तिनीहरूका मन
आफ्ना प्रभु यहूदाका राजा रहबामतिर राजभक्त हुनेछन्। तिनीहरूले मलाई
मारेर राजा रहबामतिर फर्किजानेछन्।” २८ तब सरसल्लाह लिएर राजाले
सुनका दुई वटा बाछा बनाए। तिनले मानिसहरूलाई भने, “तिमीहरूलाई
यरूशलेममा जान अति कष्ट हुन्छ। हे इस्राएल हो, तिमीहरूलाई मिश्रदेशबाट
निकालेर ल्याएका तिमीहरूका देवताहरू त यहाँ पो छन्।” २९ तिनले एउटा

**बेथेलमा र अर्कोचाहिँ दानमा स्थापन गरे। ३० अनि यही कुरा इस्राएलमा पाप**
**भयो। मानिसहरू दानसम्मै त्यहाँ भएको देवतालाई पूजा गर्न जान्थे।**
**३१ यारोबामले डाँड़ाका पूजा गर्ने थानहरू पनि बनाए, र ती लेवीको**
**कुलका नभए तापनि सब थरीका मानिसहरूबाट पूजाहारीहरू नियुक्त गरे। ३२**
**तिनले आठौं महिनाको पन्ध्रौं दिनमा यहूदामा भएको चाड़जस्तै एउटा चाड़**
**ठहराए, र वेदीमा बलिदानहरू चढ़ाए। बेथेलमा आफूले बनाएका बाछ्राहरूका**
**निम्ति तिनले बलिदान चढ़ाए। बेथेलमा आफूले बनाएका डाँड़ा-डाँड़ाका पूजा**
**गर्ने थानहरूका पूजाहारीहरू पनि नियुक्त गरे। ३३ आठौं महिनाको पन्ध्रौं**
**दिनमा, तिनी आफैले तोकेको महिनामा बेथेलमा आफूले निर्माण गरेको वेदीमा**
**तिनले बलिदान चढ़ाए। यसरी इस्राएलीहरूका निम्ति तिनले चाड़ ठहराए, र**
**बलिदान चढ़ाउनलाई आफै वेदीमा उक्लेर गए।**

"रहबाम र उनका अनुभव नभएका सल्लाहकारहरूले इस्राएलको बारेमा परमेश्वरको चाहना थाहा पाएको भए तिनीहरूले जनताको अनुरोधलाई स्वीकार गर्दथे र आफ्नो सरकारको प्रशासनमा निर्णायक सुधार ल्याउँथे। प्रशासनमा सुधार ल्याउने अवसर शेकेममा भएको थियो तर तिनीहरूले त्यसलाई वेवास्ता गर्दा त्यसको नतिजा के हुनेछ भन्ने कुरा बुझ्न तिनीहरू असफल भएका थिए। त्यसले गर्दा राजा रहाबामको प्रभाव धेरै मानिसहरूमा सदाको निम्ति कमजोर हुनपुग्यो। परमेश्वरबाट तर्केर गएपछि राजा सोलोमोनले जनताहरूलाई अनेकौं सास्ती दिएका थिए, शोषण गरेका थिए र दवाएका थिए। तर नयाँ राजाले सोलोमनकै बाटोलाई निरन्तरता दिने र अझ बढि दवाउने निर्णय सुनाउँदा त्यो इस्राएलप्रति परमेश्वरको योजनाको बिपरित हुनपुगेको थियो। सच्चा हृदयले राहत पाउन मानिसहरू राजा रहबामकहाँ गएर गरेको अनुरोधलाई अस्वीकार्दा तिनीहरूको आफ्नै अभिप्रायमाथि पनि धेरै शङ्का गर्ने स्थिति पैदा भयो। आफ्नो शक्तिलाई देखाउन राजाले आफूले चुनेका गलत सल्लाहकारहरूको मूर्ख सल्लाहलाई माने र जनताको भावनालाई दवाइदिए। आफ्नो पद र अधिकारको घमण्ड राजा र उनका सल्लाहकारहरूको दिमागमा चढेको थियो भनेर जनतालाई दिएको राजाको जवाफले प्रकट गर्दछ।"-एलेन जी ह्वाइट, *प्रोफेटस् एण्ड किङ्स,* पृ. ९०बाट रूपान्तरित।

**ठिक निर्णय गर्न हामी सबैलाई बुद्धिको आवश्यकता पर्दछ। त्यो आवश्यकतालाई देहायका केही पदहरूले कसरी सहमति जनाउँछ? सच्चा वा सही बुद्धि वा ज्ञानको स्रोत कहाँ पाइन्छ? हेर्नुहोस्ः हितोपदेश ४ "१ हे मेरा छोराहरू हो, आफ्नो बाबुको अर्ती सुन, यसमा ध्यान देओ र समझशक्ति प्राप्त**

गर। २ किनकि म तिमीहरूलाई उत्तम शिक्षा दिन्छु, यसैकारण मेरो अर्तीलाई नत्याग। ३ जब म आफ्ना बाबुको घरमा एक ठिटो थिएँ, कलिलै अवस्थाको, र मेरी आमाको एकमात्र छोरो, ४ उहाँले मलाई शिक्षा दिनुभयो र भन्नुभयो, "तेरो पूरा हृदयले मेरो वचन पक्रिराख्, मेरा आज्ञाहरू पालन गर् र तँ जिउनेछस्। ५ बुद्धि प्राप्त गर, समझशक्ति प्राप्त गर, मेरा वचनहरू नबिर्सी र तिनीहरूबाट तर्किएर नजा। ६ बुद्धिलाई नत्याग, र त्यसले तँलाई सुरक्षित राख्नेछ। त्यसलाई प्रेम गर, र त्यसले तिमीमाथि हेरचाह गर्नेछ। ७ बुद्धि अति श्रेष्ठ हो, त्यसैले बुद्धि प्राप्त गर्। तिमीसँग भएका सबै कुराले मूल्य चुकाउनुपरे तापनि, समझशक्ति प्राप्त गर्। ८ त्यसलाई कदर गर, र त्यसले तिमीलाई उच्च पार्नेछ। त्यसलाई अँगाल, र त्यसले तिमीलाई आदर दिनेछ। ९ त्यसले तिम्रो शिरमा अनुग्रहको माला पहिराइदिनेछ र महिमाको शिरपेच प्रदान गर्नेछ।" १० सुन, हे मेरो छोरो, मैले भनेका कुरा ग्रहण गर, र तिम्रो जीवन दीर्घायु हुनेछ। ११ म तिमीलाई बुद्धिको बाटो सिकाउँछु र सोझो बाटोमा डोऱ्याउँछु। १२ तिमी हिँड्दा, तिम्रा पाइलाहरू अड्किनेछैनन्, तिमी दगुर्दा लरबरिनेछैनन्। १३ अर्तीलाई समातिराख, त्यसलाई उम्कन नदेऊ, त्यसलाई राम्ररी पालन गर, किनभने त्यो तिम्रो जीवन हो। १४ दुष्टको मार्गमा खुट्टा नहाल् अथवा दुष्ट मानिसको चालमा नहिँड्। १५ त्यसलाई त्यागिदेऊ, त्यसमाथि तिम्रो पाइला नराख, त्यसबाट तर्केर आफ्नै बाटो लाग्। १६ किनभने दुष्टहरू खराब काम नगरुञ्जेल सुत्न सक्दैनन्, कसैको पतन नगरुञ्जेल तिनीहरूलाई निद्रै लाग्दैन। १७ दुष्टता तिनीहरूको खानेकुरा र उपद्रव तिनीहरूको पिउने पदार्थ हो। १८ धर्मीको चाल प्रभातको प्रथम चमकजस्तै हो, त्यो मध्यदिन नहोउञ्जेल झन्-झन् चहकिलो हुँदैजान्छ। १९ तर दुष्टको चालचाहिँ घोर अन्धकारजस्तो हो, केले आफ्नो पतन हुँदैछ सो तिनीहरू जान्दैनन्। २० हे मेरो छोरो, मेरो कुरामा ध्यान देऊ, मेरा वचनहरू राम्ररी सुन्। २१ ती तिम्रो नजरबाट उम्केर जान नदेऊ, ती तिम्रो हृदयभित्र राखिछोड्। २२ किनभने मेरो वचन पाउनेको निम्ति त्यो जीवन हो, र त्यसको सारा शरीरको निम्ति स्वास्थ्य हो। २३ सबै कुराभन्दा बढ़ी, आफ्नो हृदयलाई सुरक्षित राख, किनभने त्यो सारा जीवनको मूल हो। २४ कुवाक्य तिम्रो मुखबाट परै रहोस्, भ्रष्ट कुराकानी तिम्रो ओठदेखि टाढ़ै रहोस्। २५ तिम्रो आँखाले तिम्रो अगि सीधा हेरोस्, तिम्रो अगिल्तिर सोझै एक टक लाएर हेरोस्। २६ तिमीले पाइला चाल्नलाई नैतिकताको मार्ग तयार गर्। र ती मार्गहरू मात्रै रोज् जुन निश्चित छन्। २७ दाहिने देब्रेतिर नलाग, सबै दुष्ट कुराबाट आफ्ना खुट्टा अलग राख्।", हितोपदेश ९:१० ""परमप्रभुको भय मान्नु

**नै बुद्धिको सुरुआत हो, र परमपवित्रको ज्ञान नै समझशक्ति हो।" र याकूब १:५ "तर यदि तिमीहरूमध्ये कसैलाई बुद्धिको अभाव छ भने उदार-चित्तसँग नझर्की दिनुहुने परमेश्वरलाई त्यसले मागोस्, र त्यसलाई त्यो दिइनेछ।"**

मानिसहरूलाई कठोरतरिकाले शोषण गर्ने रहाबामको खस्रो र मूर्खतापूर्ण निर्णयको कथा इस्राएली राज्यको जीवनमा दुःख लाग्दो घट्ना हो। राजाले दुवै समूहका सल्लाहकारहरूसँग सल्लाह मागेका थिए। तर अनुभव नभएका आफ्नै उमेरका युवाहरूको सल्लाहमान्ने उनको आफ्नै व्यक्तिगत निर्णय थियो। त्यसले गर्दा उनका बुबा सोलोमन र वाजे राजा दाउदले ८० वर्ष लगाएर निर्माण गरेको राज्य संरचना बिल्लिबाठ हुन पुगेको थियो। आफ्नो बुबाभन्दा कठोर वा निरङ्कुस भएर मानिसहरूलाई दवाउने सल्लाह जुन् राजाले पाएका थिए त्यो मूर्खतापूर्ण निर्णय थियो। मानिसहरूका कुरा सुनेर तिनीहरूको जीवनलाई हलुका गर्नुपर्ने मागलाई पूरा गऱ्यो भने राजाको नेतृत्व कमजोर हुन्छ भन्ने युवा सल्लाहकारहरूको धारणा थियो। यदि कोही नेता भयो भने मानिसहरूलाई दवाएरै शासन गर्नुपर्छ भन्ने ती युवाहरूको मनस्थितिले मानिसहरूको भावनाप्रति संवेदनशील नभएको देखाएको थियो। राजाले आफूलाई कठोर र निष्ठुर भएर देखाउनुपर्छ भन्ने ती काँचो सल्लाहकारहरूको राय थियो। मानिसहरूलाई तर्साएर धम्काएर शासन गर्ने राजाको निर्णयले गर्दा उनीप्रति बफादार हुन र विश्वासीलो भएर चल्न नैतिक वाध्यता नभएको तिनीहरूले देखाइदिएका थिए। त्यसले गर्दा परमेश्वरका जनहरूमा बिभाजन भयो जुन आफ्ना जनहरूप्रति परमेश्वरको कहिल्यै पनि योजना गर्नुभएको थियो। अर्थात् परमेश्वरलाई विश्वास गर्ने मानिसहरूमा फुट होस् भन्ने परमेश्वरको चाहना थिएन तर भयो।

## ४. कोरन्थीमा फुट

दुर्भाग्यवस्, परमेश्वरका जनहरूमा वा चर्चमा विभाजनको स्थिति नयाँ करारमा सुरु भएर त्यहीँ अन्त्य पनि भएन। उदाहरणमा हामीले हेऱ्यौं भने, पावलले कोरन्थीका विश्वासीहरूलाई लेखेका प्रथम् पत्रको चार अध्यायहरूमा विश्वासीहरूलाई एक हुन आह्वान गरिएको पाइन्दैन। कोरन्थीको चर्चमा भएका विश्वासीहरू एक आपसमा नमिलेर विभिन्न सम्प्रदायहरूमा विभाजन भएको एफिसस्मा हुँदा नै पावलले सुनेका थिए। त्यसकारण चर्चमा हुनुपर्ने एकता र विश्वासीहरू विभिन्न दलहरूमा भड्किने बानीबाट अलग हुनुपर्ने आवश्यकतालाई लामो सम्बोधन् गर्दै पावलले आफ्नो पत्र सुरु गरेका थिए।

चर्चमा हुने विभाजनप्रति पावल चिन्तित् भएका थिए। चर्चमा फुट आउने स्थिति नआओस् भनेर पावलले प्रेरणादायी सल्लाह दिन खोजेका थिए। उनको सल्लाह मानियो भने चर्चमा दुर्भाग्यवस् आउने विभाजन आउने थिएन।

**(क्रिश्चियन भनेर दावी गर्ने तर येशूको "तिमीहरू एक आपसमा प्रेम गर, जसरी पिता र म एक हौं तिमीहरू पनि एक होऊ" भन्ने चाहनालाई) वेवास्ता गरेर कोरन्थीका इसाईहरू एक आपसमा झगडा गरेर, एक आपसबाट पिठ्युँ फर्काएर विभाजित हुने र नमिल्ने कारण के थियो भनेर १ कोरन्थी १:१०-१७ले कसरी बताउँछ? हेर्नुहोस्: "१० भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्टको नाउँमा म तिमीहरूलाई आग्रह गर्दछु, कि तिमीहरू सबै एक-अर्कासँग सहमत होओ, र तिमीहरूको माझमा केही फुट नहोस्। तर तिमीहरू एकै मन र एकै विचारका होओ। ११ किनकि, मेरा भाइ हो, तिमीहरूमा झगड़ा छ भन्ने कुरा क्लोएका परिवारहरूले मलाई खबर दिएका छन्। १२ मेरो भन्ने तात्पर्य यही हो, तिमीहरू कसैले, "म पावलको", कसैले "म अपोल्लोसको", कसैले "म केफासको" र कसैले "म ख्रीष्टको हुँ" भन्छौ अरे। १३ के ख्रीष्ट बाँड़िनुभएको छ र? के पावल तिमीहरूका निम्ति क्रूसमा टाँगियो र? अथवा के पावलको नाउँमा तिमीहरू बप्तिस्मा भयौ र? १४ म परमेश्वरलाई धन्यवाद दिन्छु, कि मैले तिमीहरूमध्ये क्रिस्पस र गायसलाई बाहेक अरू कसैलाई पनि बप्तिस्मा दिएको छैनँ। १५ यसकारण मेरो नाउँमा बप्तिस्मा भयौ भनी तिमीहरू कसैले भन्न पाउनेछैनौ। १६ (हो, मैले स्तिफनासको परिवारलाई पनि बप्तिस्मा दिएँ। यस उप्रान्त, मैले अरू कसैलाई बप्तिस्मा दिएँ कि दिइनँ, त्यो मलाई थाहा छैन।) १७ किनभने बप्तिस्मा दिन होइन, तर सुसमाचार प्रचार गर्न ख्रीष्टले मलाई पठाउनुभएको हो– सांसारिक बुद्धिको कुरामा होइन, नत्रता ख्रीष्टको क्रूस शक्तिहीन् हुनेछ।"**

क्लोएसका मानिसहरूबाट कसैले पावललाई कोरन्थीका इसाईहरू झगडा गरिरहेका र फुट भएको समाचार सुनाएको थियो। त्यसले गर्दा आफूले गर्दा विश्वासी भएका दाजुभाइदिदीबहिनीहरूप्रति पावल चिन्तित् भएका थिए। आफ्नो पत्रको सुरुमै उनले गरेको सम्बोधन्ले इसाई विश्वासीहरूप्रति कतिको गहिरो चिन्तामा परेको थियो भनेर देखाउँछ। इसाई भनेर दावी गर्नेहरू मिलेर बस्नुपर्छ भनेर उनले सम्झाउँछन्। हेर्नुहोस्: "भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्टको नाउँमा म तिमीहरूलाई आग्रह गर्दछु, कि तिमीहरू सबै एक-अर्कासँग सहमत होओ, र तिमीहरूको माझमा केही फुट नहोस्। तर तिमीहरू एकै मन र एकै विचारका होओ।" १ कोरिन्थी १:१०। विश्वासीहरूको बीचमा जुन कारणले

कचकच, बेमेल र विभाजनको स्थिति सृजना भइरहेको थियो, त्यसको तुरन्तै अन्त्य होस् भन्ने पावलको चाहना थियो।

इसाईहरू कुनै मानिस वा अगुवाको पछि लाग्ने होइन तर येशूको पछि लाग्न बोलाइएको हो भनेर कोरन्थीका इसाईहरूलाई पावलले याद दिलाउँछन्। चर्चका अगुवाहरू जतिसुकै प्रतिभाशाली होस्, बिभिन्न दक्षता वा बरदानहरूले सम्पन्न भएको होस् वा जान्ने होस् तिनीहरूप्रति आकर्षित भएर होइन तर येशूप्रति आकर्षित भएर चल्नुपर्छ भन्ने पावलको जिकिर थियो। विश्वासीहरू विभिन्न अगुवाहरूको पछि लागेर चर्चलाई टुक्राइरहेका थिए। चर्चमा भएको गुटबन्दी र विभाजन येशू ख्रीष्टको चाहना अनुसार होइन भनेर पावलले ठोकुवा गरेका थिए। इसाई एकताको केन्द्रविन्दु येशू ख्रीष्ट र क्रुसमा गर्नुभएको उहाँको बलिदान हुने भनेर पावलले जिकिर गर्दछन्।

इसाई एकताको स्रोत चर्चको कुनै जान्ने वा अगुवा नभएर येशू ख्रीष्ट र उहाँको क्रुसको सत्यतामा हुनुपर्दछ। चर्चका अगुवा वा प्रचारक चाहे त्यो जोशिलो र आकर्षित नै किन नहोस् वा चर्चलाई रेखदेख गर्ने हाकिम जतिसुकै योग्यको भएतापनि एकताको केन्द्रविन्दु कुनै मानिस नभएर प्रभु येशू नै हुनुपर्दछ। क्रुसको मुनि हामी सबै जना एउटै तहमा छौं। हामीहरूको बप्तिस्मा कुनै मानिस वा अगुवाको नाउँमा नभएर येशूको नाउँमा हो र उहाँमा नै रहन लिएका हौं। उहाँले मात्र हामीहरूको पाप क्षमा गर्नुहुन्छ। तर व्यवहारिक तरिकाहरू अपनाएर येशूका विश्वासी वा भक्त भन्ने सबै जना येशूमा एक हुने प्रयास जारी राख्नुपर्छ। हामी सेभन्थ-डे एडभेन्टिस्ट भयौं भन्दैमा हामीहरूको विश्वास र मिसन वा लक्ष्यमा एक भइरहेका छौं भन्ने छैन। चर्च चर्चमा भइरहेका विभाजनहरू, आपसी झगडा र भाऊ खोज्ने प्रवृत्तिले हामीहरूको चर्चको एकतामा धक्का पुऱ्याइरहेको छैन भन्ने छैन। यदि हामीहरूले येशूलाई हाम्रो प्रभु भनेर स्वीकारिरह्यौं र उहाँको प्रेमले हामीलाई बाँधिरहन दियौं भनेमात्र हामी उहाँमा एक भएर बाँच्न सक्छौं।

**येशूका परमभक्त, जोशिलो प्रचारक र धेरैलाई येशूतिर ल्याउने पावलले पनि अनुभव गरेका चर्चमा भित्रिएका बिभिन्न बिसङ्गतिद्वारा ल्याइरहेको फुट्बाट जोगिन हामीले कसरी सिक्ने? हामी येशूमा भन्दा कुनै पास्टर वा अगुवाप्रति धेरै बफादारी हुने प्रवृत्तिबाट होशियार हुनुपर्छ तर चर्चमा भित्रिएका त्यस्ता तत्वहरूबाट हामी कसरी जोगिने?**

## ५. "ब्वाँसाहरू आउँनेछन्"

चर्चको एकता र प्रभु येशूप्रतिको आस्थालाई बिगार्न इसाई हुँ भनेर दावी गरेर इसाई धर्मकै खोल ओडेर कस्ता मानिसहरू आउनेछन् भनेर ठोकुवा गरेर पावलले एफिससका चर्चका विश्वासीहरूलाई सतर्क गराएका थिए। त्यस्ता मानिसहरू कसरी आउँछन् र त्यसबाट कसरी जोगिने भनेर पावलले एफिससका अगुवा वा एल्डरहरूलाई दिएका खबरदारी हेर्नुहोस् प्रेरित २०:२५-३१ "२५ "अब हेर्नुहोस्, म जान्दछु कि तपाईंहरूमध्ये सबै, जस-जसलाई मैले राज्यको प्रचार गर्दै हिँडे, तपाईंहरूले मेरो मुख फेरि कहिल्यै देख्नुहुनेछैन। २६ यसैकारण आजको दिन म तपाईंहरूलाई गवाही दिँदछु, कि म कसैको रगतको दोषी हुनेछैनँ। २७ किनभने परमेश्वरको समस्त अभिप्राय तपाईंहरूलाई बताउन म पछि हटिनँ। २८ तपाईंहरू आफ्ना निम्ति र आफ्नो समस्त बगालको निम्ति सावधान रहनुहोस्। पवित्र आत्माले तपाईंहरूलाई बगालका जिम्मावाल बनाउनुभएको हुनाले उहाँले आफ्नै रगतले किन्नुभएको परमेश्वरका मण्डलीको हेरचाह तपाईंहरू गर्नुहोस्। २९ किनभने मलाई थाहा छ, कि म गएपछि डरलाग्दा ब्वाँसाहरू तपाईंहरूका माझमा पस्नेछन्, जसले बगाललाई बाँकी राख्नेछैनन्। ३० तपाईंहरूकै बीचबाट भर्माउने कुरा बोल्ने मानिसहरू उठ्नेछन्, जसले चेलाहरूलाई आफ्ना पछि लैजानेछन्। ३१ यसकारण यो सम्झेर होशियार हुनुहोस्, कि तीन वर्षसम्म दिनरात आँसु बगाउँदै हरेक मानिसलाई मैले चेताउनी दिइरहें।"

पावलको सुसमाचार प्रचार गर्ने सिलसिलामा उनले धेरै विरोधीहरूको सामना गर्नुपरेको थियो। आफूले प्रचार गरेका र सिकाएका येशूको सुसमाचारको शुद्धतालाई सुरक्षित राख्न धेरै मुश्किल हुनेछ भन्ने कुरामा पावललाई निश्चित थियो। एफिसीका चर्चका एल्डर वा अगुवाहरूलाई सम्बोधनको बिदाइ भाषणमा पावलले इजिकिएल ३३:१-६मा उल्लेख गरेका वचनहरू प्रयोग गरेका थिए। विश्वासीहरूलाई रेखदेख गर्ने मित्र अगुवाहरू सुरक्षाबल हुन् र सुसमाचारको मर्मलाई बचाइ राख्ने जिम्मेवारी तिनीहरूले पाएका छन् भनेर पावलले सुनाएका थिए। ("तिन वर्षसम्म दिन रात रोएर चेतावनी दिँदै रहें" भनेर बोल्दा पक्कै पनि उनको आँखा रसाएको हुनुपर्छ- अनुवादकको टिप्पणी)। आफूलाई जिम्मा दिएका चर्चका विश्वासीहरूलाई विश्वासिलो र भरपर्दो गोठालो हुन पावलले अगुवाहरूलाई अनुरोध गरेका थिए।

इसाई धर्मकै खोल ओडेर चर्चलाई टुक्रा टुक्रा गर्नेहरू "जङ्गली वा असभ्य ब्वाँसाहरू हुन्" भनेर पावलले आफ्नो दुखेसो पोखाएका थिए। ती ब्वाँसाहरू झुटा धर्मगुरुहरू हुन् भनेर व्याख्या गरिन्छ (प्रेरित २०:२९)। पावलको भनाइ नौलो थिएन किनकि येशूले पनि मत्ती ७:१५मा बाइबलका झुटा धर्मगुरुहरू भेँडाका खोल लगाएर आउनेछन् भनेर चेतावनी दिनुभएको थियो। पावलको भनाइको लगत्तैपछि त्यस्ता झुटा इसाई अगुवा वा गुरुहरू निस्केका थिए। एशिया माइनरमा पावलले स्थापना गरेका चर्चका विश्वासीहरूलाई ती इसाई ब्वाँसाहरूले आफ्ना शिकार बनाएका थिए। विश्वासीहरूलाई भड्काउने मानिसहरू कसरी चर्चभित्र आउँछन् भनेर पावलले एफिसी ५:६-१४मा यसरी बताउँछन् "६ कसैले तिमीहरूलाई खोक्रा कुराले धोका नदेओस्, किनकि ती कुराको कारणले अनाज्ञाकारीहरूमाथि परमेश्वरको क्रोध पर्छ। ७ यसकारण तिनीहरूसँग सहभागी नहोओ, ८ किनकि एक पल्ट तिमीहरू अन्धकारमा थियौ, तर अब प्रभुमा तिमीहरू उज्यालो भयौ। ज्योतिका सन्तानझैं हिँड्डुल गर, ९ किनकि सबै भलाइ, धार्मिकता र सत्यतामा नै ज्योतिको फल पाइन्छ, १० र प्रभुलाई मन पर्ने के हो सो सिक्ने कोशिश गर। ११ अन्धकारका निष्फल कार्यहरूमा भाग नलेओ, बरु तिनलाई प्रकट गरिदेओ। १२ किनकि तिनीहरूले गुप्तमा गरेका कामहरूका विषयमा भन्नु पनि शर्मको कुरो हो। १३ तर ज्योतिद्वारा कुनै कुरा प्रकट गरिँदा त्यो प्रष्टै देखिन्छ। त्यो कुरा, जो प्रष्टै देखिन्छ, त्यो ज्योति हो। १४ यसैले यस्तो भनिएको छः "ए निद्रामा परेकाहरू, जाग र मरेकाहरूबाट उठ, र ख्रीष्टले तिमीहरूलाई प्रकाश दिनुहुनेछ।" र कलस्सी २:८मा पनि पावलले यसरी भन्दछन् "ध्यान देओ, कि कसैले दर्शनशास्त्र र खोक्रो छलद्वारा तिमीहरूलाई शिकार नबनाओस्, जो ख्रीष्टकाअनुसार होइनन्, तर मानिसको परम्परा र विश्वका आधारभूत सिद्धान्तहरूमाथि अड़िएका हुन्छन्।"

पावलले तिमोथीलाई लेखेको दोस्रो पत्रमा पनि अन्तिम समयमा चर्चमा भित्रिने गलत शिक्षादीक्षा र दुष्ट्याईंप्रति सतर्क हुन चेतावनी दिएका थिए। त्यसबेला तिमोथीको जिम्मामा एफिसस चर्च छोडिएको थियो।

**चर्चको एकतालाई कायम राख्न र चर्चमा भित्रिने गलत शिक्षादीक्षा वा झुटा धर्मगुरु वा अगुवाहरूको सामना गर्न पावलले तिमोथीलाई कसरी सम्झाएका थिए। हेर्नुहोस् देहायका केही पदहरूः २ तिमोथी २:१४-१९ "१४ यो कुरा तिनीहरूलाई सम्झाइदेऊ, र प्रभुको सामु आज्ञा देऊ, कि तिनीहरूले शब्दहरूका विषयमा तर्कवितर्क नगरून्, जसले भलाइ गर्दैन, तर केवल**

सुन्नेहरूलाई हानि पुऱ्याउँछ। १५ शर्माउन नपर्ने र सत्यको वचनलाई ठीकसँग प्रयोग गर्ने कामदारजस्तै आफूले आफूलाई परमेश्वरमा ग्रहणयोग्य तुल्याउने भरमग्दूर प्रयत्न गर। १६ भक्तिहीन बकबक त्याग, किनकि यसले मानिसहरूलाई झन् बढ़ी भक्तिहीनतातिर लानेछ। १७ तिनीहरूको बातचित सइनको घाउजस्तो गाडिँदैजानेछ। तिनीहरूमध्ये हुमेनियस र फिलेतस हुन्। १८ पुनरुत्थान अघि नै भइसकेको छ भनेर यिनीहरू सत्यबाट तर्किएका छन्। कति जनाको विश्वासलाई यिनीहरूले खलबल्याइरहेका छन्। १९ तर परमेश्वरको दृढ़ जग खड़ै रहन्छ, र त्यसमा यो छाप लागेको छ, "प्रभुले आफ्ना जतिलाई चिन्नुहुन्छ," र "प्रभुको नाउँ लिने जति हरेक अधर्मबाट टाढ़ै रहोस्।" र २ तिमोथी ३:१२-१७ "१२ ख्रीष्ट येशूमा भक्तिसाथ जीवन बिताउन इच्छा गर्नेहरू सबै जना सतावटमा पर्ने नै छन्, १३ तर दुष्ट मानिसहरू र ठगाहाहरू ठगेर र ठगिएर झन्-झन् दुष्ट हुँदैजानेछन्। १४ तर तिमीचाहिँ आफूले सिकेका र दृढ़तासँग विश्वास गरेका यी कुराहरूमा लागिरह। ती कसबाट सिकेका छौ, सो तिमी आफै जान्दछौ। १५ तिमी बाल्यकालदेखि पवित्र-धर्मशास्त्रसँग परिचित छौ, जसले ख्रीष्ट येशूमा भएको विश्वासद्वारा मुक्तिको निम्ति तिमीलाई शिक्षा दिन सक्छ। १६ सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, १७ ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस्।"

बाइबललाई नै प्रयोग गरेर विश्वासीहरूको दिमागलाई खलबलाउने भेँडाको खोल लगाएर आउने इसाईहरू गुरुहरूको सामना गर्न प्रथमतः तिमोथीले बाइबल नै राम्रोसँग जान्नु आवश्यक भएको पावलले सम्झाएका थिए। २ तिमोथी २:१५मा अङ्ग्रेजी भाषामा यसरी भनिएको छ "rightly dividing the word of truth" अर्थात् सत्यको वचनलाई ठीकसँग केलाएर पढ्नुपर्छ (अर्थात् "१५ शर्माउन नपर्ने र सत्यको वचनलाई ठीकसँग प्रयोग गर्ने कामदारजस्तै आफूले आफूलाई परमेश्वरमा ग्रहणयोग्य तुल्याउने भरमग्दूर प्रयत्न गर)। बाइबललाई नै देखाएर सही सुसमाचारको अर्थलाई बङ्ग्याएर अनावश्यक तर्कहरू, चिन्तनहरू वा अड्कलबाजीमा लाग्नेहरूको पछि नपर्न परमेश्‍वरले नै दिनुभएको वचनलाई सही रूपमा बुझ्नुपर्छ र सिकाउनुपर्छ। बाइबलमा भएका सत्यहरूलाई उचित तवरले यसरी अर्थ लगाउनुपर्छ कि पूरै बाइबलले भन्न चाहेको सत्यलाई कुनै तवरले नबाँझियोस्। विशेष गरेर इसाई धर्मको नाउँमा आउने कुनै चलाखी गुरु वा अगुवाहरूले सिकाएका बाइबलको

कुनै अनर्थलाई सुन्नु आवश्यक छैन जसले येशू ख्रीष्टमाथिको गम्भीर आस्थालाई हल्लाउँछ र भ्रममा परेर येशूप्रतिको विश्वास पनि छोडाउँछ। हामीहरूको आत्मिक र मानसिक जीवनलाई खास नचाहिने विषयहरू र कम महत्त्वका विषयहरूलाई परमेश्वरको वचनको नीतिले जोख्नुपर्छ। जुन अर्थ वा सन्देशले येशू ख्रीष्टमा रहने जीवनमा विजयी भएर जीउन सहयोग गर्छ वा तयार गर्छ त्यसमा विश्वासीहरू लाग्नुपर्छ। पावलले तिमोथीलाई अर्को अर्ती दिन्छन् "भक्तिहीन बकबक त्याग, किनकि यसले मानिसहरूलाई झन् बढ़ी भक्तिहीनतातिर लानेछ।" (२ तिमोथी २:१६)। यदि तिमोथी परमेश्वरको विश्वासिलो र योग्य सेवक हुन चाहन्छ भने सानोतिनो र अरूको हावामा लागेर मन बहलाउने जस्ता विषयहरूबाट टाढा रहेर सिकाउनुपर्छ। अनावश्यक तर्कवितर्क गरेर सानोतिनो विषयमा अल्झेर बस्दा मानिसहरू भक्तिहिनतातिर बढि जान लगाउँछ र तिनीहरूले विश्वासीको विश्वासलाई सहयोग पनि गर्दैनन् (२ तिमोथी २:१६)। परमेश्वरमा भएको केवल सत्य आत्मज्ञानले मात्र मानिसहरूलाई उहाँको भक्त बनाउँछ, चर्चमा विश्वासीहरूको बीचमा एकता हुन्छ र एक आपसमा तालमेल भएर चल्न सक्छ। गलत र भ्रामक शिक्षाहरूलाई तिमोथीले किन ठाउँ दिनुहुन्न भनेर पावलले सल्लाह दिएको भन्दा ती तत्वहरू चर्चमा रोग जस्तै फैलिन्छन् (२ तिमोथी २:१७)। अन्तमा परमेश्वरको वचनलाई आत्मसात् गरेर त्यसै अनुसार चल्ने चाहना गर्नु नै कुनै पनि गलत शिक्षाबाट जोगिनु हो जसले चर्चको एकतालाई बिगार्दछ मजबुत पार्छ।

**सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा खोजीनिति गरेर र राम्रोसँग जोखेर बाइबलका शिक्षाहरू अपनाएका छन्। तर चर्चलाई टुक्राउन र एक आपसमा विभाजन गर्न अनेकौं गलत शिक्षा र बाइबल अत्यन्त जान्ने जस्ता धर्मगुरु वा अगुवाहरूबाट चर्चलाई कसरी सुरक्षित राख्ने?**

## उपसंहारः

**सामग्री उपलब्ध भएमा पढ्नुहोस्:** एलेन जी ह्वाइटको *प्रोफेटस एण्ड किङ्गस*को पृ. ८७-९८मा लिखित अध्याय "द रेन्डिङ्ग अभ द किङ्गदम" र *द आक्टस् अभ आपोस्टल्स*को पृ. २९८-३०८मा लिखित अध्याय "ए मेसेज अभ वार्निङ्ग एण्ड इनट्रिटी।"

"एक आपसमा तालमेल गरेर चल्दै एक भएर चलोस् भन्ने आफ्ना सेवकहरूप्रतिको चाहना परमेश्वरको हो। कहिलेकाहीं चर्चका कुनै विश्वासी

सेवकहरूसँग उल्लेखनीय वरदान छ भने अर्कोसँग केही नभएको वा केही गर्न नसकेको जस्तो हुनसक्छ। त्यसले गर्दा एक आपसमा तालमेल गरेर चल्न अप्ठ्यारो भएको महसुस पनि हुनसक्छ। तर विभिन्न मानिसहरूका विभिन्न दिमागहरू हुन्छन् र त्यसै अनुसार परमेश्वरको वचन प्रस्तुत गर्नुपर्छ र कसैको प्रस्तुति कसैले नमान्न सक्छन् तर अरूको भिन्नै प्रयासलाई मान्न सक्छन् भन्ने कुरालाई ख्यालमा राखिन सकियो भने विश्वासीहरूमा एकता भएर चल्न सम्भव हुनसक्छ। विभिन्न मानिसहरूको विभिन्न दक्षता वा खुबीहरू एउटै आत्माको नियन्त्रणमा हुनसक्छ। जे बोले पनि जे काम गरेतापनि दया र माया प्रकट हुनेछ। जब येशूको निम्ति काम गर्ने प्रत्येक सेवकले आफूलाई दिएको जिम्मा अनुसार विश्वास र इमान्दारीसाथ काम गऱ्यो भने आफ्ना भक्तहरू एक होस् भन्ने येशूको प्रार्थना पूरा हुनसक्छ र संसारले थाहा पाउनेछ कि तिनीहरू येशूका चेलाहरू हुन्।"-एलेन जी ह्वाइट, *गस्पल वर्कर्स,* पृ. ४८३बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ) **आफ्नो आँखा वा विवेकले जे ठीक छ त्यही गर्ने प्रवृत्ति कुनै नौलो कुरो होइन। आधुनिक युगमा मानिसहरूको आत्मिक, बौद्धिक र नैतिक कुरामा चुनौति दिने खालका विषयहरू छलफल गर्न खोज्दा त्यसले मानिसको व्यक्तिगत अधिकारमा दखल गरेको भनेर आरोप लाग्न सक्छ। यस्तो आरोपले मानिसहरूमा नैतिकरूपमा पतन वा हाँसोको पात्र हुन्छ भनेर बाइबलले सतर्क गर्दछ। यस्तो किसिमको चुनौतिलाई येशू भक्त हौं भन्नेले होस् वा चर्चले होस् कसरी सामना गर्ने?**

आ) **रहबाम र इस्राएली जनहरूको विभाजनको कथालाई फेरि सोच्नुहोस् (१ राजा १२)। त्यसबाट हामीले कस्तो पाठ सिक्नुपर्छ?**

इ) **स्थानीय चर्चमा हुने कचकच वा झगडालाई आउन नदिन चर्चका अगुवाहरू र चर्चका सदस्यहरूले के गर्नसक्नुपर्छ? कुनै पनि नमिल्ने विषय चर्चमा फैलियो भने त्यसलाई ठूलो हुन र वढन नदिन चर्च र यसका सदस्यहरूले कस्तो किसिमको उल्लेखनीय भूमिका खेल्न सक्छ? कोरन्थीका चर्चका विश्वासीहरू एक अगुवाको पछि लागेर अर्को**

अगुवाको पछि लाग्नेहरूबाट टाढा हुन पुगेका थिए। त्यसरी नै हामी पनि चर्चका कुनै ठूलो र जान्ने अगुवाको पछि लागेर चर्चलाई टुक्राउने प्रवृत्तिबाट कसरी जोगिने?

ई) एक आपसमा झगडा हुने वा नमिल्ने कारणहरू के के हुन् भनेर हितोपदेश ६:१६-१९मा दिइएको छ। स्थानीय चर्चमा कचकचको कारणले एक आपसमा तालमेल नहुने वा आफ्नो भाऊ खोज्ने बानिलाई नभित्र्याउन हामी कसरी सजग हुनुपर्छ? हेर्नुहोस् "१६ छ वटा कुराहरू छन्, जसलाई परमप्रभुले घृणा गर्नुहुन्छ, सातौंचाहिँ जो उहाँको दृष्टिमा घृणित छन्: १७ अहङ्कारी आँखा, झूट बोल्ने जिब्रो, निर्दोषको रगत बगाउने हात, १८ दुष्ट योजनाहरू रच्ने हृदय, खराबी काम गर्न झट्टै अग्रसर हुने खुट्टा, १९ असत्य बोल्ने झूटो साक्षी, र दाजुभाइहरूका माझमा झगड़ा उठाउने मानिस।"

**सारांशः** बाइबलमा धेरै कथाहरू छन् जसले विभिन्न परिस्थितिहरूमा मानिसहरूको एकतालाई भङ्ग गरिएको थियो। जब परमेश्वरका जनहरू उहाँमा रहेर विश्वासी जीवन बिताइरहेका थिए र उहाँका वचनहरू पालन गरेका थिए तब एक आपसमा टुक्रिने खतरा ठूलो रूपमा कम भएको थियो। तर समय समयमा न्यायकर्ताहरूको र रहबाम जस्ता राजाहरूको खराब निर्णयले गर्दा इस्राएलमा विभाजन आउने ढोका खोलेको थियो। नयाँ करारमा पनि इसाईहरूकै बीचमा पनि एकै मन भएर नचल्ने प्रवृत्ति कायमै हुन गएको देखिएको थियो। यदि हामीहरूको बीचमा बेमेल हुने र गुटउपगुटमा भाँडिने प्रवृत्तिबाट हामी जोगिन चाहन्छौं भने परमेश्वरको वचनको उचित ज्ञान र त्यस अनुसार चल्न पवित्र प्रयास हुनु जरुरी छ।

## कथा २
## जीवनको पानी
## ट्रान्क्वी भरगबरा, ४४ म्यानमार

विद्रोहीहरूको बीचमा स्कूल खोल्ने कार्य कसरी एउटा दयाको कारणले सफल भयो भनेर यस कथाले भन्दछ।

सन् २०१६मा थाइल्याण्ड-म्यानमार सिमानामा ३२ जना विद्यार्थीहरू आए। तिनीहरू हङ्गकङ्गको हङ्गकङ्ग एडेन्टिस्ट कलेज र दक्षिण कोरियाको कोरियन आडभान्स प्रिपरेटोरी एकेडेमीबाट आएका युवायुवती विद्यार्थीहरू थिए। तिनीहरू एक हप्ताको बिदा लिएर स्कूलका साना विद्यार्थीहरूलाई सङ्गीत सिकाउन, किन्डरगार्टेनस्कूलको कोठाको भुईंमा सिमेन्ट प्लास्टर गर्न र सिमानामा रहेका शरणार्थीहरूलाई सहयोग गर्न आएका थिए।

तिनीहरूको कामको सुरुमा तिनीहरू मध्ये एक जना, थाइल्याण्डका दुई जना स्वयम् सेवकहरू र तिनीहरूको फोटो खिच्ने मानिसहरू मिलेर मोटरसाइकलबाट म्यानमारको पहाडमा एक घन्टाको निम्ति घुम्न गए। तिनीहरू अनङ्कटार जङ्गलको बीचमा भएको एउटा सानो गाउँमा गए। त्यस गाउँमा १४ परिवारहरू थिए। त्यो गाउँमा के आवश्यकता छ र तिनीहरूलाई कसरी सहयोग गर्न सकिन्छ भनेर तिनीहरू त्यहाँ गएका थिए भनेर ट्रान्क्वीले भने। उनी थाइल्याण्डबाट आएका स्वयंसेवकहरूमध्ये एक थिए।

त्यस गाउँमा गाउँलेहरूले दिनदिनै खाने पानीको निम्ति संघर्ष गर्नुपर्ने ती पाहुनाहरूले देखे। त्यस गाउँको नजिकै रहेको पानीको ट्याङ्की करिब एक किलोमिटर जति टाढा थियो। हातमा बाल्टिन बोकेर गाउँलेहरू ओहोरदोहोर गर्दथे।

विद्यार्थी स्वयंसेवक जानिजशुकचिङ्ग लीलाई ती गाउँलेहरूप्रति करुणा जाग्यो।

"तिनले त्यस गाउँको दुर्दशा देखेर असाध्यै दुःख मानिन् र उनको कोमल मनलाई छोएको थियो," ट्रान्क्वीले भन्यो।

जब ती स्वयंसेवकहरू सिमानामा रहेको शरणार्थी सिबिरमा फर्के तब आफ्ना साथीहरूलाई आफूले देखेका कुराहरू बताइन्। विद्यार्थीहरू सबै मिलेर त्यो गाउँलाई ५०,०० भाट (थाइल्याण्डको पैसा-करिब डेड लाख रूपैयाँ) दिने निर्णय गरे। त्यो पैसाले पाइप किनेर पानी ट्याङ्कीबाट गाउँसम्म राख्ने

तिनीहरूको योजना थियो। प्रभुको नाउँमा सेवा गर्न खटिएका विद्यार्थीहरूले आफ्ना कलेजमा खानेकुराहरू बेचेका थिए। त्यस बिक्रीबाट तिनीहरूले मिसन यात्राको निम्ति चन्दा संकलन गरेका थिए। त्यस बिक्री र अरू चन्दा संकलनबाट जम्मा भएका पैसाको बाँकी त्यो ५०,००० भाट थियो।

एक महिना लगाएर पाइप बिछ्यापछि आफ्ना कामहरू सकेर विद्यार्थीहरू हङ्कङ्ग र कोरियामा फिर्ता गए। जब ट्रान्क्वीले पाइपलाइनको फोटो ती स्कुलका विद्यार्थीहरूलाई पठाए तब त्यहाँका विद्यार्थीहरू अत्यन्त खुशी भएका थिए।

तर पानीको पाइपमात्र होइन त्यसबाट अर्को काम गर्न पनि त्यस गाउँमा ढोका खुलेको थियो। त्यस गाउँका केटाकेटीहरूले जीवनको पानी पनि पिउन अबसर पाए भनेर ट्रान्क्वीले भने।

"ती गाउँका मानिसहरू इसाई थिएनन् न त तिनीहरूले इसाई आस्थाप्रति केही चासो नै राखेका थिए तर इसाईहरूको त्यो सानो दयाको कामले गर्दा गाउँलेहरूले आफ्ना बालबालिकाहरूको निम्ति स्कूल खोलिदिन अनुरोध गरे" ट्रान्क्वीले भने।

ती गाउँलेहरूको आग्रहमा सन् २०१६मा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले एउटा स्कूल खोल्यो। त्यो स्कूलमा अहिले ४० जना विद्यार्थीहरू छन्। त्यस गाउँका स्कूल जानसक्ने सबै बालबालिकाहरू त्यस स्कूलमा जान्छन् र छिमेकी गाउँका धेरै बालबालिकाहरू पनि त्यही स्कूलमा जान्छन्।

"त्यो गाउँका मानिसहरू धेरै खुशी छन्" ट्रान्क्वीले भने। "तिनीहरूले खाने पानी पाए र एडभेन्टिस्ट स्कूल पनि पाए। त्यो सबै ती विद्यार्थी स्वयम्सेवकहरूको करूणाले गर्दा भएको हो।"

थाइल्याण्ड-म्यानमार सिमानामा रहेक शरणार्थीहरूको निम्ति वर्ष ४४को ट्रान्क्वी नियमित रूपमा गएर तिनीहरूलाई सहयोग गर्न काम गर्छन्। उनी शारीरिक विज्ञानको र कलाको शिक्षक पनि हुन्। उनी थाइल्याण्डको कोराटमा रहेको एडभेन्टिस्ट इन्टरनेशनल स्कूलमा काम गर्छन्। यो स्कूल किन्डर गार्टेनदेखि नौ कक्षासम्म चल्छ। यस त्रैमासिक साबथस्कूलको भेटीको केही भागले त्यस स्कूललाई सहयोग गर्नेछ। तपाईंहरूले साबथस्कूलमा उठाउने भेटीहरूको निम्ति तपाईंहरूलाई धन्यवाद भनेर ट्रान्क्वीले व्यक्त गर्दछन्।

-लेखक ***आन्ड्र्यु मेकचेस्नी***